२०१९
NJ: NUTA

# चूडाकरणदेखि विवाहपूर्वका हिन्दू संस्कारहरू

**अर्जुनप्रसाद भट्टराई**
विश्वविद्यालय विद्यापीठ, बेलभ्रुण्डी, दाङ
मध्य पश्चिम नेपाल
Email for correspondence: bhattaraiap@yahoo.com

## विषयप्रवेश

संस्कार भनेको दोष वा दुर्गुणहरू हटाई शुद्ध वा चोखो पार्ने काम हो । संस्कार दीपकमा संस्कारको अर्थ **आत्मशरीरान्यतरनिष्ठो विहितक्रियाजन्योऽतिशयविशेषः** अर्थात् 'आफ्नो शरीरदेखि भिन्न भएर रहेको वा गरिएको कर्मबाट उत्पन्न उत्कर्षविशेष हो' भनिएको छ । मनुको **जन्मनाज्जायते शूद्रो संस्कारात् द्विज उच्यते** भन्ने वचन अनुसार जन्मने समयमा सबै शूद्र अर्थात् अपरिष्कृत वा अशिक्षित हुन्छन् तर उनीहरूलाई विभिन्न किसिमको संस्कारहरू गरेर सद्गुण, सदाचार, सद्व्यवहार, सद्बुद्धिको विकास गरिन्छ र बल्ल उनीहरू द्विज(दुई पटक जन्मेका) बन्दछन् । आमाको गर्भबाट पृथ्वीमा अवतरित हुनु एउटा जन्म हो भने विभिन्न धार्मिक, सांस्कृतिक र सामाजिक संस्कारद्वारा आफूलाई लौकिक र आध्यात्मिक रूपमा विशिष्ट बनाउनु अर्को जन्म हो । त्यसैले जसको आचरण परिष्कृत छ त्यो शूद्रको कुलमा जन्मे पनि द्विज हो तर जसको आचरण दोषयुक्त वा अपरिष्कृत छ त्यस्तो व्यक्ति उच्च कुलमा जन्मे पनि शूद्र हो । कुलका आधारमा जात कायम गर्ने वर्तमान परिपाटी गलत हो, संस्कारका आधारमा जात निर्धारण गर्ने मनुको विधान युक्तियुक्त पाइन्छ । जातकै आधारमा छुवाछुत आदिको अपमान गर्नु कुसंस्कार र श्रमको तिरस्कार हो ।

संस्कारको अर्थ योगशास्त्रमा पूर्व जन्मको असल वा खराब कर्मको यस जन्ममा हुन आएको वासना वा प्रभाव हो । प्राणीले पूर्वजन्ममा वा यस जन्ममा अनगिन्ती कर्महरू गरेको हुन्छ, तिनीहरूको प्रभाव नै उसको मनमा संस्कारको रूपमा रहेको हुन्छ । संस्कारहरू यति नै हुन्छन् भनी ठोकुवा गर्न गाह्रो मात्र होइन असम्भव पनि छ । त्यसैले संस्कारका संख्याका बारेमा विद्वान्हरूका विभिन्न अभिमत पाइन्छन् । कसैले गर्भ, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकरण र उपनयन गरी दश संस्कार बताएका छन् भने कसैले सोह्र संस्कार बताएका छन् । सोह्र संस्कार मध्ये पनि एकाथरीले एकाथरी संस्कार बताएका छन् भने अर्काथरीले अर्कै थरी नामका संस्कारहरू उल्लेख गरेका छन् । जस्तै संस्कारदीपकमा उपर्युक्त दश संस्कारका साथै वेदाध्ययन, केशान्त, समावर्तन, विवाह, विवाहाग्निपरिग्रह र त्रेताग्निपरिग्रह गरी सोह्र संस्कार बताएका छन् भने संस्कारभास्करमा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकरण, व्रतबन्ध, ऋग्वेदारम्भ, यजुर्वेदारम्भ, सामवेदारम्भ र अथर्ववेदारम्भ, केशान्त, समावर्तन र विवाह गरी सोह्र संस्कार

बताएका छन् । यसमा कर्णवेध संस्कार आवस्यक भए पनि सोह्र संस्कारमा परेको छैन । अर्काथरीका मतमा अन्त्यकर्म पनि सोह्र संस्कारभित्र परेको छ । त्यस्तै अङ्गिरा आदिका मतमा संस्कार पच्चीस छन् । ती पच्चीस संस्कारहरूमा उपर्युक्त सोह्र संस्करहरूका साथै आग्रहयण, अष्टका, श्रावणीकर्म, आश्वयुजीकर्म, प्रत्यवरोहण, दर्शश्राद्ध, वेदारम्भ, वेदोत्सर्जन, र पञ्चमहायज्ञ रहेका छन् । त्यस्तै अर्काथरीका मतमा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, अन्नप्राशन, चूडा, व्रतबन्ध, ऋक्, यजु, साम, अथर्व (वेदाध्ययन), समावर्त, विवाह, देवयज्ञ, पितृयज्ञ, मनुष्य यज्ञ, भूतयज्ञ, ब्रह्मयज्ञ, अष्टका श्राद्ध, एकपार्वणक श्राद्ध, द्विपार्वणक श्राद्ध, त्रिपार्वणक श्राद्ध, श्रावणी श्राद्ध, आग्रहायणी श्राद्ध, चैत्री श्राद्ध, आश्वयुजी श्राद्ध, अग्याधेय, अग्निहोत्र, दर्शपौर्णमास, चतुर्मास्य, आग्रहायणेष्टि, निरूढपशुबन्ध, सौत्रामणि, अग्निष्टोम, अन्त्यग्निष्टोम, उक्थ्य, षोडशी, वाजपेय, अतिरात्र र आप्तोर्याम गरी चालिसवटा संस्कर छन् । उता गौतमादिका मतमा उक्त चालीस संस्कारका साथै दया, क्षमा, अनसूया, अनायास, माङ्गल्य,अकार्पण्य, अस्पृहा र शौच गरी अठचालिस संस्कार रहेका छन् (पाण्डेय, २०५७ : १३३२-१३३३ ) । यसरी संस्कार धेरै भएकाले सबै संस्कारहरूका बारेमा प्रकाश पार्न यो सानो लेखमा सम्भव छैन । त्यसैले जीवनको लागि सर्वाधिक महत्वपूर्ण उपनयन संस्कार जसले शूद्रलाई द्विज बनाउँछ, त्यससँगै गरिने चूडाकरण संस्कार, उपनयन संस्कार गरे पछि मात्र गर्न पाइने वेदारम्भ केशान्त र समावर्तन संस्कारका बारेमा मात्र यस लेखमा चर्चा गरिन्छ ।

## चूडाकरण संस्कार

चूडाको अर्थ शीर, शिखा वा टुप्पी हो । बालकको जन्मदेखिको कपाल फेँदैदेखि फाली शिखा मात्र राख्ने कार्यलाई चूडाकरण भनिन्छ । यो संस्कार दुई, तीन, पाँच वर्षमा गरिन्छ । आफ्नो कुल परम्परा अनुसार कसैले यो संस्कार व्रतबन्धसँगै पनि गर्ने गर्दछन् । यसमा बालकको शीरमा शिखा राखिन्छ किनकि टाउकाको बीचमा पर्ने सो भागमा सम्पूर्ण नशाहरू जुटेका हुन्छन् । यसलाई अधिपति भनिने मर्मस्थान मानिएको छ । त्यसैको सुरक्षाको लागि शिखा राखिन्छ । शिरमा शिखा राखिने संस्कार भएकाले यसको नाम चूडाकरण रहनु सार्थक छ । हाल यो संस्कार प्रायः व्रतबन्धसँग सँगै गर्ने प्रचलन छ । साथै व्रतबन्धसँगै वेदारम्भ संस्कार पनि गरिन्छ । मुहूर्तशास्त्रमा चूडाकरणको मुहूर्त निम्नानुसार बताइएको छ -

चौलं मघादिपञ्चस्वमधुषु गदितं द्वित्रिपञ्चोन्मितेब्दे
स्वाचाराद्वा सगर्भा यदि भवति जनन्यत्र नो कार्यमेतत् ।
साकं यत्रोपनीत्या क्रियत इह तदाऽयं निरोधो नहि स्या-
जह्यादंबार्तवोऽदो व्रतमुपयमनं चाविशुद्धे शुभार्थी ॥

अर्थः जन्मदेखि दुई, तीन, पाँच वर्षमा वा आफ्नो कुलाचार अनुसारको समयमा, चैत्र बाहेकका माघ आदि पाँच महिनामा ( माघ, फागुन, बैशाख, जेठ र असार महिनामा )शिशुको चूडाकरण शुभ हुन्छ । पाँच वर्षभित्र आमा गर्भिणी भएको समयमा चूडाकरण गर्नु हुँदैन । यदि उपनयनसँगै चूडाकरण पनि गरिन्छ भने आमा गर्भिणी भएर हुने अवरोध हुँदैन । आमा रजस्वला भएकी रहिछन् भने त शुद्ध नहुँदासम्म चूडाकरण, व्रतबन्ध र विवाह पनि गर्नु हुँदैन ।

बुध, वृहस्पति, शुक्र र शुक्लपक्षको सोमवार चूडाकरणका लागि उत्तम हुन्छन् । यस बाहेक पनि ब्राह्मणको आइतवार, क्षत्रियको मंगलवार, वैश्य र शूद्रको शनिवार पनि चूडाकरण शुभ हुन्छ । यसमा रेवती,

अश्विनी, पुनर्वसु, तिष्य, ज्येष्ठा, मृगशिरा, हस्ता, चित्रा, स्वाती, श्रवण, धनिष्ठा र शतभिषा नक्षत्रहरू शुभ हुन्छन् । सूर्य, मंगल, शनि र शुक्र लग्नदेखि सातौँ स्थानमा तथा शुक्रबाहेकका ग्रहहरू आठौँ स्थानमा मृत्युदायक हुन्छन् । चन्द्रमा बाहेकका ग्रहहरू बाह्रौँ स्थानमा बसेको लग्न चूडाकरणका लगि शुभ हुन्छ । षष्ठी, पूर्णिमा, रिक्ता तिथिहरू, रात्रि र सन्ध्याकाल चूडाकरणका लागि त्याज्य हुन्छन् । भनिएको पनि छ-

कार्यं वर्णैरिनारार्किशनिषु निखिलैर्ज्ञत्रये शुक्लसोमे
द्व्यन्त्यद्व्यादित्यशाक्रेन्दुभिरिनहरितस्त्रित्रिभैश्चौलकर्म ।
द्यूनेऽर्कारार्किशुक्रा गतकविनिखिला मृत्युगा मृत्युदाः स्यु-
र्व्यब्जाः सन्तोऽन्त्य इष्टास्त्यज गुहशशिनौ रात्रिसन्ध्ये च रिक्ताः ॥ (दैवज्ञ, २०३५ : २० ) ।

चूडाकरण विधिमा सर्वप्रथम चूडाकरण गरिने बालकको पिता आदिले चूडाकरणको अघिल्लो दिन बालकलाई तेल लगाएर स्नान गराई नयाँबस्त्रालङ्कार पहिऱ्याई पूजास्थानमा पूर्वाभिमुख आफ्नो दाहिनेतिर बसाई दीप प्रज्वलन गरी प्राणायाम, स्वस्तिवाचन गरी गणेश आदि देवताहरूलाई प्रणाम गरी निम्नानुसारको प्रधानङ्कल्प गर्नुपर्दछ- ॐ अद्येहेत्यादिदेशकालादिकीर्तनान्ते अमुकगोत्रो अमुकशर्माहं अमुकशर्मणोऽस्य कुमारस्य बीजगर्भसमुद्भवैनोनिबर्हणबलायुर्वर्चोमेधाभिवृद्धिद्वारा श्रीपरमेश्वरप्रीतये श्व उपनयनसंस्करात्पूर्वं चूडाकरणाख्यं कर्म करिष्ये । तथाऽस्य द्विजत्वसिद्धया वेदाध्ययनाद्यधिकारसिद्धिद्वारा श्रीपरमेश्वरप्रीतये वेदारम्भात्प्रागुपनयनसंस्कारं करिष्ये । तथा अस्य कुमारस्य ब्रह्मवर्चससम्पादनपूर्वकं श्रौतस्मार्तकर्मानुष्ठानसिद्धिद्वारा श्रीपरमेश्वरप्रीत्यै वेदारम्भसंस्कारं करिष्ये । मातृकापूजा, आभ्युदयिक श्राद्ध, ग्रहयज्ञ,गणेशपूजा गर्नु पर्दछ ।

साँझमा जुटिकाधिवास(केशलाई वास्नादार बनाउने काम) गर्नुपर्दछ। त्यसका लागि पहेँला बस्त्रका तीनवटा टुक्रामा सेतो सर्स्युं, दहि, अक्षता, दूवो, गोरोच, कुङ्कुम, वेसार, जौँ, चन्दन, कुश, गोवर बाँधेर पोका बनाउनु पर्दछ। त्यस पछि तिनीहरूलाई क्रमशः ॐ ब्रह्मजज्ञानम्..., ॐ विष्णोरराटम..., ॐ नमः शम्भवाय च ... इत्यादि मन्त्रहरूले पूजा गरेर शिखा राख्न जसरी सजिलो हुन्छ त्यसै गरी बालकको शिरको दाक्षिणतिर एउटा, पश्चिमतिर एउटा र उत्तरतिर एउटा कुटुराहरू बाँधेर शीरमा पहेँलो पगरी बाँधिदिनु पर्दछ ।

त्यस पछि दोस्रो दिन मण्डपमा अग्निस्थापनाका विधिले हवन गरी बर्हिहोम गरी सके पछि क्रमशः दक्षिण पश्चिम र उत्तरतिरको कपाललाई विधिपूर्वक खौरेर बहिनीले थापेको काँसको थालमा राखिदिनु पर्दछ । ती केशहरूलाई नयाँ बस्त्रमा सँगालेर दहीभात र दूधसँग मिसाएर गोवरको पिण्डमा राखी जलमा फ्याक्ने विधान छ ।

## उपनयन संस्कार

यज्ञोपवित धारण गरी गायत्री श्रवण गर्ने व्रतबन्ध संस्कारलाई उपनयन संस्कार भनिन्छ । उपनयन संस्कार गरे पछि ब्राह्मणादिहरूले वेदाध्ययन गर्ने अधिकार पाउँछन् । त्यस पछिको उनीहरूको जीवन नै सभ्य शिष्ट र व्यवस्थित किसिमको हुने भएकाले उपनयन संस्कार गरिएको मानिसलाई द्विज(दुई पटक जन्मेको) भनिन्छ। किनकि विद्याले मानिस भित्रको पाशविकता हटाई उसमा मनुष्यत्वको मात्र विकास गर्दैन उसलाई परम पदमा पुऱ्याउँछ । भनिएको पनि छ-

विद्या ददाति विनयं विनयाद्याति पात्रताम् ।
पात्रत्वाद्धनमाप्नोति धनाद्धर्मः ततः सुखम् ॥

अर्थात् विद्याले विनय दिन्छ, विनयले मानिस सत्पात्र बन्दछ। सत्पात्र भएकाले धन आर्जन हुन्छ। धनबाट धर्म गर्न सकिन्छ र धर्म गरे पछि सुख मिल्छ।

यदि मनुष्य योनिमा जन्म लिएर पनि विद्या आर्जन गर्न सकिएन भने त पुच्छर नभएको पशु भइन्छ-

विद्या बन्धूजनो विदेशगमने विद्या परा देवता।
विद्या राजसु पूज्यते न तु धनं विद्याविहीनः पशुः ॥

यसरी उपनयन संस्कार पछि विद्या(वेद) अध्ययनको ढोका खुल्ने भएकाले जीवनमा यस संस्कारको ज्यादै महत्व छ। मुहूर्तमार्तण्डमा ब्राह्मणादिहरूको उपनयनकाल यस प्रकार बताइएको छ -

विप्रादेर्गर्भतोऽब्देऽष्टशिवरविमिते जन्मतो वा व्रतं स्या-
दत्रानिष्टेऽपि जीवेऽनिमिषरविमधौ कार्यमब्दस्य दाढर्यात्।
स्वाब्दादूर्ध्वं क्रमादाद्विगुणितशरदो निन्द्यमब्दक्रमेण
पञ्चाष्टाङ्काब्दतो वा प्रपठनरुचितः शस्तमेषां तदाहुः ॥ (दैवज्ञ, २०३५ : २३ )।

अर्थः गर्भाधानदेखि वा जन्मदेखि ब्राह्मणको आठ वर्षमा, क्षत्रियको ११ वर्षमा, वैश्यको १२ वर्षमा व्रतबन्ध शुभ हुन्छ। यस समयमा वर्षको प्रधानता हुने हुनाले वृहस्पति अनिष्ट भए पनि सूर्य मीनराशिमा जाँदा साथ व्रतबन्ध गर्नु पर्दछ। आफ्नो वर्ष भन्दा दुई गुणित समयसम्म निन्द्य वर्ष हुन्छ। अध्ययनको रुचीले क्रमशः पाँच, आठ र नौ वर्षमा पनि उपनयन गर्न हुन्छ।

वृहस्पति आध्यात्मिक ज्ञानका कारक मानिन्छन्। उपनयन संस्कार पछि मानिसमा आध्यात्मिकताको विकास गर्ने लक्ष्य राखिने भएकाले व्रतबन्धमा गुरु जुराउनु पर्दछ। गुरु जुराउने तरीका यस प्रकार छ-

राशेः षट्त्र्याद्यखस्थो गुरुरिह शुभदः पूजया स्यात्तयापि
प्रान्त्योऽम्बुस्थोऽष्टमो नो यदि निजगृहगस्तुङ्गोऽत्रापि शस्तः। (दैवज्ञ, २०३५ : २४)

अर्थः उपनयनलग्नदेखि ३, ६, १, १० स्थानमा रहेको गुरु पूजा गरेर शुभ हुन्छ। १२, ४, ८ स्थानमा रहेको वृहस्पति पूजा गरेर पनि शुभ हुदैन तर स्वगृही वा उच्चस्थ भएमा त शुभ हुन्छ।

त्यस्तै उपनयनको तिथि, वार आदिको समयशुद्धि यस प्रकार हुनु पर्ने बताइएको छ-

शुक्ले माघादिपञ्चस्विनशुभदिवसे प्राग्दलेऽन्हो व्रतं स-
त्यक्त्वानध्यायरिक्तातिथिमुनिमदनाश्चन्द्रभागं प्रदोषम् ॥(दैवज्ञ, २०३५ : २५)

अर्थः शुक्लपक्षमा माघ, फागुन, चैत, वैशाख, जेठ महिनाहरूमा रवि तथा शुभवारहरूमा दिनको पूर्वार्धमा उपनयन शुभ हुन्छ। अनध्ययन, रिक्ता, सप्तमी, त्रयोदशी तिथिहरू, चन्द्रमाको नवांश र प्रदोष त्याग्नु पर्दछ। शुभ लग्नमा गरेको कार्य शुभफलदायक हुन्छ। त्यसैले व्रतबन्धमा पनि लग्न नक्षत्र आदिको विचार गरेर मात्र कार्य गर्नु पर्दछ। व्रतबन्धमा नक्षत्र लग्नशुद्धिको विचार यस प्रकार गरिन्छ-

शस्तो द्वीशाग्निशाक्रान्तकपितृरहितैः सर्वभैर्मौञ्जिबन्धो
वेदेशे ज्ञे बलाढचे गुरुसितकुजवित्संज्ञका वेदपाः स्युः।
स्वर्क्षोच्चांशेषु सौम्याः श्रुतिपतिरपि चेत्केन्द्रकोणस्थिताः स्यु-
र्वर्णी वेदार्थवेत्ता पशुगृहधनवानत्र मन्देऽन्त्यसेवी ॥(दैवज्ञ, २०३५ : २६)

अर्थ- आ-आफ्ना वेदाधिप र बुध बलिया हुँदा विशाखा, कृत्तिका, ज्येष्ठा, भरणी र मघा बाहेकका नक्षत्रमा उपनयन शुभ हुन्छ। वृहस्पति, शुक्र, मंगल र बुध क्रमशः ऋग्वेदादिका मालिक हुन्। यी वेदाका स्वामीहरू र

शुभग्रहहरु स्वगृही, उच्चराशिगत वा स्वनवांशगत भएर केन्द्र वा त्रिकोणमा बसेको लग्नमा उपनयन भएमा उक्त ब्रह्मचारी वेदार्थवेत्ता, पशु, गृह, धनवान् हुन्छ भने शनि भएमा नीच जातिको सेवक बन्दछ ।

व्रतबन्धमा निम्नानुसारको लग्नस्थिति त्याज्य हुन्छ-

चन्द्रक्रुरा विलग्ने शशिसिततनुपाः षष्ठगेहे सितोऽन्त्ये

सर्वे रन्ध्रे वटुघ्नाः क्वच तनुग इनः श्रेष्ठ उच्चेन्दुरेके ।(दैवज्ञ, २०३५ : २७)

अर्थ- चन्द्रमा वा कुनै पाप ग्रह लग्नमा, चन्द्र, शुक्र, या लग्नेश छैठौं स्थानमा, शुक्र बाह्रौं स्थानमा वा कुनै ग्रह आठौं स्थानमा बसेमा उपनीत बालकको मृत्यु हुन्छ । कसैले लग्नगत चन्द्रमा उत्तम बताएका छन् भने कसैले उच्च भए मात्र शुभ हुने बताउँछन् ।

उपनयन विधिमा उपर्युक्त विधिले निकालिएको शुभ मुहूर्तको अघिल्लो दिन शुद्ध भई गायत्रीको उपदेशको अधिकार प्राप्तिका लागि बाह्र हजार वा त्यस भन्दा बढी गायत्रीको जप गर्नु पर्दछ । उपनयनको दिन पिताले वा आचार्यले नै मध्यान्ह भन्दा पहिले आभ्युदयिक श्राद्ध गरेर शिखा राखी कपाल खौरेर स्नान गरी यथाशक्ति सिँगारेर सफा गरिएको बाहिरी यज्ञाशालामा आचार्यले अग्निस्थापना गरी कुमारलाई अग्निको पश्चिमतिर आफ्नो दाहिनेतिर हात जोडेर बसाई अनुशासनको प्रतिज्ञा गराउँछन्- ॐ ब्रह्मचर्यमागाम् । ब्रह्मचार्यसानि ॥ त्यस पछि आचार्यले बस्त्र पहिऱ्याई आचमन गराएर मेखला बाँधिदिन्छन् । त्यस पछि यज्ञोपवित, मृगचर्म, दण्ड धारण गराई आचार्यले शिष्यलाई शङ्ख, ढोलक आदि बजाएर शुभ लग्न, शुभनवांश शुभ बेलामा गायत्री दान गर्नुपर्दछ ।

गायत्री मन्त्र दान गर्दा पहिलो पटकमा **ॐ भूर्भुवः स्वः, ॐ तत्सवितुर्वरेण्यं, ॐ भर्गोदेवस्यधीमहि । धियोयोनः प्रचोदयात् ॐ ॥**

दोस्रो पटकमा ॐ भूर्भुवः स्वः, ॐ तत्सवितुर्वरेण्यं भर्गोदेवस्यधीमहि । धियोयोनः प्रचोदयात् ॐ ॥ तेस्रो पटकमा गुरु र शिष्य दुवैले सँगै पाठ गर्नु पर्दछ । त्यस पछि ब्रह्मचारीले गुरुचरणमा ढोगेर गुरुदक्षिणा दिने आचार छ । त्यस पछि ब्रह्मचारीले मध्यान्हको समयमा मध्यान्हसन्ध्या गर्नुपर्दछ । किनकि

यावद्वेदोपदेशो न तावत् सन्ध्यादिकं न च ।

तो मध्यान्हसन्ध्यादि सर्वं कर्म समाचरेत् ॥ भन्ने जैमिनिको वचन छ ।

त्यस पछि बालकले विधिपूर्वक अग्निमा समिधा हवन गरेर अग्नि, वरुण र गुरुलाई अभिवादन गरी आशिर्वाद लिएर भिक्षा माग्नु पर्दछ ।

भिक्षा माग्नका लागि कुमारले दण्ड ग्रहण गरी अग्निको प्रदक्षिणा गरेर भिक्षापात्र लिई ब्राह्मण बालकले ॐ भवति भिक्षां देहि भनी पहिले आमासँग भिक्षा माग्नु पर्दछ र उनले भिक्षा दिए पछि स्वस्ति भनी ग्रहण गरी अरुसँग भिक्षा मागेर प्राप्त भिक्षालाई स्वस्ति भनी ग्रहण गरी गुरु समीप ल्याईभो गुरो इयं भिक्षा मया लब्धा भनी आचार्यलाई दिई फेरी भिक्षान्तरका लागि जानु पर्दछ । क्षत्रीय बालकले ॐ भिक्षां भवति देहि भनी भिक्षा माग्नु पर्दछ भने वैश्य बालकले ॐ भिक्षां देही भवति भनी पूर्वोक्तवत् भिक्षा माग्नु पर्दछ ।

व्रतबन्धन गरेका ब्रह्मचारीले निम्न नियमहरू पालना गर्नु पर्दछ- क्षार, लवण, मह, मांसाहार नगर्ने, दण्ड, कृष्णमृगचर्म धारण गर्ने, वृक्षारोहण, विषमभूमिमा यात्रा, नग्नस्त्रीनिरीक्षण, स्त्रीसम्पर्क, श्रृङ्गार, प्रशंसा गर्न नहुने शास्त्रको निर्देशन छ ।

## वेदारम्भ संस्कार

वेद पढ्न आरम्भ गर्नुलाई वेदारम्भ भनिन्छ। वेदहरू ऋक्, यजु, साम र अथर्व गरी चार छन्। द्विजहरूले चारै वेदको यथाशक्य अध्ययन गर्नुपर्ने शास्त्रको वचन भएकाले यी चारवटै वेदको आरम्भलाई छुट्टाछुट्टै संस्कारका रूपमा ग्रहण गरिएको छ । वेदारम्भ उपनयनसंस्कार पछि मात्र गर्नु पर्दछ भनी योगी याज्ञवल्क्यले बताएका छन्-

उपनीय गुरुः शिष्यं महाव्याहृतिपूर्वकम् ।
वेदमध्यापयेदेनं शौचाचाराँश्च शिक्षयेत् ॥

ब्रह्मर्च आश्रमको पालना नगर्दा हुने दोष वा पाप ज्यादै धेरै हुने र त्यसलाई प्रायश्चित्तको भार बढी हुने भएकाले त्यो पूरा गर्न असम्भव हुन्छ । यथाविधि भिक्षाचरणादि नियम हिजोआज एक दिन पनि गर्न कठिन हुने भएकाले संस्कारभास्करमा उपनयनकै दिन वेदारम्भ गर्ने विधान बताइएको छ-

सावित्रीग्रहणादूर्ध्वं तद्दिने वा चतुर्थके ।
तृतीये द्वादशे वाऽपि वत्सरे ब्रतमुत्सृजेत् ॥

उपर्युक्त कारिकालाई प्रमाण मानी प्रसिद्ध भएको “उपनयनदिने एव वेदारम्भपूर्वकं समावर्तनम्” भन्ने पक्षलाई आश्रय मानी उपनयनसँगै वेदारम्भ संस्कार पनि गरिने भएकाले उपनयन संस्कारका मुहूर्तादिहरू वेदारम्भका लागि पनि हुन्छन् । भनिएको पनि छ -

विद्यां मौञ्ज्युक्तकाले स्थिरचरहरिजत्र्युत्तरब्रह्महीने
मौञ्ज्या उर्ध्वं गणेशं गिरमपि विधिवत्पूजयित्वारभेत ॥(दैवज्ञ, २०३५ : २७)

अर्थः उपनयन पछि उपनयनमै बताइएको समयमा स्थिर र चर लग्नलाई छाडेर तीनवटै उत्तरा र रोहिणी नक्षत्र बाहेकका नक्षत्रमा पहिले गणेशलाई र सरस्वतीलाई पनि पूजा गरेर विद्या(वेद) आरम्भ गर्नु पर्दछ ।

वेदारम्भ प्रयोगमा आचार्यले पञ्चभूसंस्कारपूर्वक अग्निस्थापना गरी ब्रह्मोपवेशनदेखि पर्युक्षण पर्यन्तका कर्म अद्येह (देशकालादि सङ्कीर्त्य) अमुकराशेरस्य वटोः यजुर्वेदादिक्रमेण वेदारम्भं करिष्ये । भन्ने सङ्कल्प गरी विधिमा बताइएका देवताहरूलाई घिउको आहुती दिए पछि संस्कारप्रकाशको

आदौ गणपतिं चेष्ट्वा सम्पूज्य च सरस्वतीम् ।
गुरुपूजां ततः कृत्वा विद्याः सर्वाः समारभेत् ।भन्ने सङ्ग्रहको वचन अनुसार तथा
प्राशनादिविमोकान्ते कृत्वा विघ्नेशपूजनम् ।

सरस्वतीं हरिं लक्ष्मीं स्वविद्यां पूजयेत्ततः ॥ भन्ने कारिकाको वचन अनुसार पनि ब्रह्मचारीले गणेश, सरस्वती, हरि, लक्ष्मी र आफ्नो वेदको पूजा गरी गुरुलाई पनि पूजा गरेर गुरुचरणमा दण्डवत् गर्नु पर्दछ । त्यस पछि गुरुले ब्रह्मचारीलाई अग्निको उत्तरतिर पूर्वाभिमुख वा उत्तराभिमुख कुशासनमा बसाएर स्मार्त आचमन, प्राणायाम, ब्रह्माञ्जली गराई ॐकार महाव्याहृति सहितको गायत्री पढाएर स्वशाखाको वेदारम्भ गराउनु पर्दछ । सर्वप्रथम यजुर्वेदारम्भ गर्दा ॐ इषेत्वादिखम्ब्रह्मान्तस्य माध्यन्दिनीयकस्य वाजसनेयकस्य यजुर्व्वेदाम्नायस्य विवस्वन् ऋषिर्गायत्र्यादीनि सर्वाणिच्छन्दांसि सर्वाणि यजूंषि लिङ्गोक्ता देवताः स्वाध्यायाध्ययने विनियोगः भन्ने विनियोग गरी ॐ हरि ॐॐ भूर्भुवः स्वः तत्स...॥ ॐ इषे त्वोर्ज्जे त्वा व्वायवस्थ देवो वः सविता प्रार्प्पयतु श्रेष्ठतमाय कर्म्मण ऽआप्यायध्वमघ्न्या ऽ इन्द्राय भागम् प्रजावतीरनमीवा ऽअयक्ष्मा मावस्ते न ऽईशत माघशँ ् सो ध्रुवाऽअस्मिन्गोपतौ स्यात बह्वव्वीर्ययजमानस्य मशून्पाहि ॥१॥ व्वसोः पवित्त्रम् ...भनी स्वाल्पारम्भ गराएर अध्यायहरू बताइदिइनु पर्दछ

र ॐ व्रतमुपैष्यन्नन्तरेणाहवनीयञ्च गार्हपत्यं च प्राङ् तिष्ठन्नप ऽउपस्पृशति तद्यदप ऽउपस्पृशत्यमेध्यो वै पुरुषो यदनृतं... ॥१॥ सोऽग्निमेवाभीक्षमाणो व्रतमुपैति । ॐ प्राश्नीपुत्रादासुरिवासिनः । प्राश्नीपुत्र ऽआसु... ॥२॥ यति पढेर यजुर्वेदारम्भ समाप्त गर्नुपर्दछ ।

त्यस पछि ऋग्वेदारम्भका लागि ऋग्वेदादिमन्त्रस्य मधुच्छन्दा ऋषिर्गायत्री छन्दोऽग्निर्देवता स्वध्यायाध्ययने विनियोग : । भनी विनियोग लिई निम्न ऋचा पढाई ऋग्वेदारम्भ गराउनु पर्दछ -

ॐ अग्निमीले पुरोहितं यज्ञस्य देवमृत्विजम् । होतारं रत्नधातमम् ।

सामवेदारम्भ गर्दा विनियोग वाक्य : अथ सामवेदादि मन्त्रस्य गौतम ऋषिर्गायत्रीछन्दोऽग्निर्देवता स्वध्यायाध्यापने विनियोगः । त्यस पछि ॐ अग्गनआयाहि वीतयेगृणानो हव्यदातये । निहोता सत्सि बर्हिषि ॥ भन्ने मन्त्र पढाई सामवेदारम्भ गराउनु पर्दछ ।

त्यस्तै अथर्ववेद आरम्भ गराउँदा- शन्नोदेवीरिति अथर्ववेदादिमन्त्रस्य दध्यङ्ङाथर्व्वणऋषिर्गायत्रीछन्दो-ऽग्निर्देवता स्वाध्यायाध्ययने विनियोगः । भनी विनियोग लिएर ॐ शन्नो देवीरभिष्टयऽआपो भवन्तु पीतये । शंयोरभिस्रवन्तुनः ।यो मन्त्र पढाई अथर्ववेदारम्भ गराउनु पर्दछ । त्यस पछि ॐकार र महाव्यहृति सहितको गायत्री पढेर ॐ विरामोऽस्तुभन्दै गुरुलाई पादोपसङ्ग्रहणपूर्वक प्रणाम गरेर विराम गर्नु पर्दछ । अध्ययन गरी ॐ अथातोऽधीत्याधीत्या...(पार.गृ. ३ । १५) भन्ने निराकरण मन्त्रहरू पढ्नु पर्दछ । यस अवसरमा पढ्नका लागि वाराणसी पठाउने प्रचलन छ । त्यस पछि आचार्यलाई दक्षिणा दिने र आचार्यले शुभाशिष दिने प्रचलन छ । अध्ययनको आरम्भ पहिले आफ्नो वेदबाट गर्नुपर्दछ भनी वसिष्ठले संस्कारप्रकाशमा बताएका छन्-

यच्छाखीयैस्तु संस्कारैः संस्कृतो ब्राह्मणो भवेत् ।
तच्छाखाध्ययनं कार्यमन्यथा पतितो भवेत् ॥
अधीत्य शाखामात्मीयां परशाखां ततः पठेत् ।
पारम्पर्यागतो येषां वेदः सपरिबृंहणः ॥
तच्छाखं कर्म्म कुर्वीत तच्छाखाध्ययनं तथा ।
एवमध्ययनं कुर्व्वन् ब्रह्मसायुज्यमाप्नुयात् ॥

## गोदान अर्थात् केशान्त संस्कार

केशानाम् अन्तः समीपस्थितः श्मश्रुभाग अर्थात् केशको नजिकै रहेको दाह्री भन्ने व्युत्पत्ति गर्दा केशान्त शब्दले दाह्रीको संस्कार भन्ने बुझिन्छ । अश्वलायनले पनि श्मश्रूणीहोन्दति भनेर दाह्रीको संस्कारलाई नै केशान्त संस्कार भनेका छन् । संस्कारगणपतिमा पनि यसैको समर्थन गरिएको छ ( पन्त, २०२१ : ३४२ ) । यसरी वेदाध्ययन गर्न गुरुकुलमा बस्ने कुमारले पालेको दाह्रीकपाललाई वेदाध्ययन पूर्ण भए पछि गुरुकुलमा नै गरिने दाह्रीकपाल काट्ने सँस्कारलाई केशान्त सँस्कार भनिन्छ । यसलाई गौ अर्थात् रौं भन्ने अर्थमा गोदान संस्कार पनि भनिन्छ । यो संस्कार पनि चूडाकरण संस्कारकै विधिले गरिन्छ । फरक के छ भने चुडाकरण संस्कारमा कपालको संस्कार गरिन्छ भने केशान्त संस्कारमा दाह्रीको संस्कार गरिन्छ । चूडाकरणमा जुटिका बन्धन गरिन्छ तर यसमा जुटिका बन्धन गरिदैन । सङ्कल्प गर्दा पनि चूडाकरणमा विनियोग वाक्यहरूमा केशच्छेदने भन्ने ठाउँमा श्मश्रुच्छेदने भन्नु पर्दछ । यो संस्कार सोह्र वर्षमा चूडाकरण मुहूर्तमा गर्नु पर्दछ-

केशान्त षोडशे वर्षे चौलोक्त दिवसे शुभम् ।(द्विवेदी, ई.१९९५ : १०६)

## समावर्तन संस्कार

वेदाध्ययनका लागि गुरुकुलमा गएको ब्रह्मचारीले अध्ययन समाप्त गरी स्नातकको उपाधि प्रदान गरिने संस्कारलाई समावर्तन भनिन्छ । दक्षले भनेका पनि छन्-

स्वीकरोति यदा वेदं चरेद्वेदव्रतानि च ।
ब्रह्मचारी चरेत्तावदूर्ध्वं स्नानाद् भवेद् गृही ॥

व्रत शब्द ब्रह्मचर्य बोधक र वेद शब्द वेदार्थको बोधक छन् । त्यस्तै स्मृतिको अध्ययन पछि वेद पढेर वेदमा निहित विषयहरूको अर्थ बुझेर स्नान गरोस् ।

त्यस्तै योगीले वेद पढेर वा ब्रह्मचर्यव्रत पूरा गरी वा दुवै कार्य गरी गुरुलाई उत्तम दक्षिणा दिएर समावर्तनको अभिषेक लिनुपर्ने बताउँछन् -

गुरवे तु वरं दत्वा स्नायीत तदनुज्ञया ।
वेदं व्रतानि वा पारं नीत्वा ह्युभयमेव च ।

त्यस्तै नृसिंहपुराणमा वेदको अध्ययन समाप्त गरेपछि अनुरागी भए समावर्तन गरी घरमै बस्नु पर्ने तर विरक्तले गुरुलाई दक्षिणा दिएर जोगी बन्नु पर्ने कुरा उल्लेख गरिएको छ-

गुरवे दक्षिणां दत्त्वा स यमिच्छेत्तमाविशेत् ।
विरक्तः प्रव्रजेद्विद्वान्सरागस्तु गृहे वसेत् ॥

गुरुलाई के दक्षिणा दिने भन्ने सन्दर्भमा गाई दान गर्नु पर्ने व्यासको वचन छ-

गुरुशुश्रूषया विद्यां सम्प्राप्य विधिवद् द्विज : ।
स्नायीत गुर्वनुज्ञातो दत्वास्मै दक्षिणां हि गाम् ॥

मनुका अनुसार गुरुदक्षिणामा दिइने वस्तुमा अन्नपात, लत्ताकपडा, तरकारी, भूमि, सुन, गाई, घोडा, छाता, जुत्ता वा गुरुलाई मनपर्ने कुनै वस्तु दान गर्नुपर्ने बताइएको छ -

धान्यं वासांसि शाकं वा गुरवे प्रीतिमाहरेत् ।
क्षेत्रं हिरण्यं गामश्वं छत्रोपाहनमन्ततः ॥

समर्थ शिष्यले समावर्तका अवसरमा मात्र होइन आश्रमान्तरमा प्रवेश गर्दा पनि गुरुलाई दक्षिणा दिनु पर्दछ भनी लघुहारितमा बताइएको छ- गुरवे दक्षिणां दत्त्वा स यमिच्छेत्तमाविशेत् । तर शिष्य गुरुदक्षिणा दिन समर्थै छैन भने उसले दिनै पर्छ भनी शास्त्रले कर गर्दैन । यदि शिष्य गुरुदक्षिणा दिन असमर्थ भए पढिसके पछि गुरुको आज्ञा लिएर स्नान गर्नु पर्ने मनुको वचन छ-

न पूर्वं गुरवे किञ्चित् उपकुर्वीत धर्मवित् ।
स्नातस्तु गुरुणाज्ञप्तः शक्त्या गुर्वर्थमाहरेत् ॥

लघुव्यासले ब्रह्मचर्यको पालन गरी अर्थ बुझेर वेदको अध्ययन गरे पछि समावर्त गर्नु पर्ने कुरा स्पष्ट शब्दमा बताएका छन्-

ऋक्पादमप्यधीत्यातो न्यायतस्तु तदर्थवित् । सम्यग्व्रतानि संसेव्य समावर्तनमर्हति ।
योधीत्य विधिवद् विप्रो वेदार्थं न विचारयेत् । स सान्वयः शूद्रसमः पात्रतां न प्रपद्यते ।
अधीत्य किञ्चिदपि वेदार्थाधिगमे रतः । स्वर्गलोकमवाप्नोति धर्मानुष्ठानवान् द्विजः ।

स्नातकहरू तीन किसिमका हुन्छन् । विद्या स्नातक, व्रतस्नातक, विद्याव्रतस्नातक । वेदाध्ययन सकी व्रत समाप्त गर्दछ त्यो विद्यास्नातक हो । जसले व्रतहरू समापन गरी समावर्तन गर्दछन् ती व्रतस्नातक हुन्छन् । जसले दुबै समाप्त गरी समावर्तन लिन्छन् ती विद्याव्रतस्नातक हुन् (महाराज, २०४२ : १४७) ।

समावर्तन पनि व्रतबन्धमा बताइएको दिनमा गर्नु पर्दछ-

व्रतोक्तदिवसादौ हि समावर्तनमिष्यते ।(द्विवेदी, ई.१९९५ : १०६) ।

समावर्तन विधिमा गुरुलाई दक्षिणा दिई गुरुका आज्ञाले स्नान गर्नुपर्दछ । गुरुले समावर्तनको वेदीमा पूर्वाभिमुख बसी आफ्नो दक्षिणतिर उत्तराभिमुख गरी ब्रह्मचारीलाई बसाई पञ्चभूसंस्कार गरी अग्नि प्रज्ज्वलन गरी अद्येह अमुकोऽहं अमुकराशेरस्य बटोः स्नातकत्वसिद्धये समावर्तनकर्म करिष्ये । भन्ने सङ्कल्प गरी उपनयन संस्कारमा बताइएको हवनका विधिले हवन गर्नु पर्दछ । तर विनियोग गर्दा उपनयनहोमे भन्ने स्थानमा समावर्तनहोमे विनियोग भन्ने वाक्य प्रयोग गर्नु पर्दछ । यसरी ब्रह्मोपवेशनदेखि पूर्णपात्र सम्म गरी उपनयन संस्कारमा बताइएको मन्त्रहरूले अग्निको परिसमूहन, समिधा दान, मुखप्रोञ्छन् ,अङ्गाप्यायन, भस्मधारण, अग्नि र गुरुको अभिवादन, गुरुबाट आशिर्वाद दान गरे पछि समावर्तनको विशेषकार्मका लागि वरिपरि बारिएको ठाउँमा अग्निको उत्तरपट्टि दक्षिणदेखि उत्तरतर्फ लस्करै राखिएका मुखमा आँप आदिका पालुवा राखिएका अष्टकलशहरूका पूर्वतर्फ अगाडि हरिया कुश बिच्छाएर त्यमाथि उत्तराभिमुख गरी ब्रह्मचारी बस्नु पर्दछ । त्यस पछि दक्षिणको कलशको जल विनियोग पूर्वक ॐ येऽप्स्वन्तरग्नयः प्रविष्टा ...इत्यादि मन्त्रले दाहिने अञ्जुलीमा लिएर विनियोग पूर्वक ॐतेन मामभिषिञ्चामि... इत्यादि मन्त्रले आफूलाई अभिषेक गर्नुपर्दछ । सोही विधिले दोस्रो कलशको जल दाहिने अञ्जुलीमा लिएर ॐ येन श्रियमकृणुतां...मन्त्रले अभिषेक गर्नु पर्दछ । त्यसै गरी तेस्रो कलशको जल पहिले कै विधिले अञ्जुलीमा लिएर ॐ आपो हिष्ठा ...इत्यादि मन्त्रले, चौथो कलशको जल ॐ यो वः शिवतमो... इत्यादिले पाँचौं कलशको जल ॐतस्माऽअरङ्गमाम...इत्यादि मन्त्रले अभिषेक गर्नु पर्दछ । त्यस पछि छैठौं, सातौं र आठौं कलशको जल ॐ येऽप्स्वन्त ... मन्त्रले अञ्जुलीमा लिई चुपचापसँग शिरमा अभिषेक गर्नु पर्दछ र बाँकी बचेको जल परम्परा अनुसार चाल्नीमा राखी सहस्रधारा बनाई शिरमा राखेर नुहाउनु पर्दछ । त्यस पछि विनियोगपूर्वक ॐ उदुत्तमं व्वरुण... इत्यादि मन्त्रले शिरोमार्गबाट मेखला काढेर दण्डं निधाय... भन्ने मन्त्रले उत्तरदक्षिण दण्ड र मृगचर्म चुपचाप राखेर तयार गरिएको अर्को बस्त्र चुपचाप लगाएर छपटक आचमन गरी विनियोगपूर्वक ॐ उद्यन्भ्राजभृष्णुरिन्द्रो...इत्यादि मन्त्रले हात माथि उठाएर सूर्यको उपस्थान गर्नुपर्दछ । अनि दही वा तिल दाहिने हातको बीचमा रहेको सोमतीर्थबाट खाएर जटा, रौं, नङ आदि काटेर कपाल काटेको शुद्धिका लागि चिसो पानीले नुहाएर आचमन गरी ब्राह्मणले बाह्र अङ्गुल लामो, क्षत्रियले दश र वैश्यले आठ अङ्गुल लामो कान्छी औंलाको टुप्पा बराबर मोटो डुम्रीको काठले विनियोगपूर्वक ॐ अन्नाद्याय... इत्यादि मन्त्रले दाँत माझेर आचमन गर्नु पर्दछ। त्यस पछि सुगन्धिद्रव्ययुक्त तातो तेलले शरीर माडेर तातो जलले शिर समेत् नुहाएर आचमन गरी चन्दन आदि लेप लिएर हातमा लगाएर विनियोगपूर्वक ॐ प्राणापानौ मे तर्पयत भनी नाकमा ॐ चक्षुर्मे तर्पयत भनी दुबै आँखामा ॐश्रोत्रं मे तर्पयत भनी दुबै कानमा लगाउनु पर्दछ । अपसव्य भई हात पखालेर जललाई विनियोगपूर्वक ॐपितरः शुन्धध्वम् भनी दुबै हातले हातधोएको जल भूमिमा छरिदिनु पर्दछ र केशव आदि नामले तिलक धारण गरी ॐ सुचक्षा... भन्ने मन्त्र जप्नु पर्दछ । त्यस पछि विनियोगपूर्वक ॐ परिधास्यै...इत्यादि मन्त्रले तल लगाउने बस्त्र लगाउनु पर्दछ । त्यस पछि ६ पटक आचमन गरी यज्ञोपवित धारण गरी विनियोगपूर्वक ॐ यशसा मा...इत्यादि मन्त्रले उत्तरीय(उपर्ना) धारण, ॐ याऽआहरज्जमदग्नि..ले पुष्पमाला ग्रहण, ॐ यद्यशोऽप्सरसामिन्द्र...ले पुष्पमाला

बन्धन, ॐ युवा सुवासाः ...ले पगरीधारण, ॐ अलङ्करणमसि ले कुण्डलधारण, ॐ व्वृत्रस्यासि...ले गाजल लगाउने, ॐरोचिष्णुरसि भनी ऐना हेर्ने, ॐ वृहस्पतेश्छदिरसि...ले छाताग्रहण गर्ने, ॐ प्रतिष्ठे स्थो...ले जुत्ता त्याग, ॐ व्विश्वाभ्यो...ले वैष्णवदण्ड ग्रहण गरे पछि आचार्यले स्नातकलाई पारस्करगृह्यसूत्रका इन्द्रियहरू नियन्त्रण गरी धर्म वा ईश्वरमा स्थिर गर्ने साधनहरूको उपदेश गर्दछन्- इन्द्रिय निग्रह गर, नाचगानबजान नगर्नु र अरुले गरेको हेर्न पनि नजानू , सामान्य अवस्थामा रातको समयमा अन्य गाउँमा नजानू, न दौडनू , कुवा आदि जलाशयको माथि बसेर कौतुहलपूर्वक तल फर्केर नहेर्नू , वृक्षबाट नपाकेको फल नझार्नू , कुमार्गबाट नहिँड्नू, साँझमा सन्ध्या नगरी बाटामा नहिँड्नू , परस्परमा मिलेका बाबुछोरा, मित्रहरू, दम्पति, भाई आदिहरूको फूट गराउन बीचमा नजानू , नग्नस्नान नगर्नू , लज्जास्पद, अमङ्गल, दुखदायी निष्ठुर वचन नबोल्नू , भिक्षा नमाग्नू, आँखीभौं, आँखा आदिमा रौं नभएकी, दाह्रीजुँघा आदि पुरुषचिन्ह भएकी स्त्री र नपुंषकसँग नहिँड्नु, आफ्नो बच्चालाई दूध ख्वाइरहेको गाईलाई देखेर गाईका मालिक आदिलाई गाईले बाच्छालाई दूध ख्वाइरहेको छ भनेर नभन्नू , बालीनाली भएको वा झारपातले ढाकिएको जमिनमा दिसापिसाब नगर्नू , स्मृतिशिष्टाचारको विरुद्ध हुने बस्त्र नपहिरनू , अपूर्ण काम नछाड्नू , घातक जनावर आदिबाट आफ्नो रक्षा गर्नू र आफ्नो बिरानो सबैलाई मित्रवत् व्यवहार गर्नू भन्ने आजीवन पालन गर्नुपर्ने नियम शिक्षण गरी गुरुले समावर्तन पछिका तीन रातसम्म पालन गर्नुपर्ने नियम बताइदिनु पर्दछ - समावर्त पछिका तिन रातसम्म व्रत गर्नू , मासु नखानू , माटाका भाँडामा पानी नपिउनू स्त्री, शूद्र, शव, काग, कुकुरको दर्शन र कुराकानी नगर्नू , मृत्यु वा जन्म सुतक परेकाको र शूद्रको अन्न नखानू , घाममा दिशापिसाव आदि नगर्नू , शौचादि तातो पानीले गर्नू , रातमा बत्ति बालेर भोजन गर्नू , अँध्यारामा नगर्नू , साँचो मात्र बोल्नू अर्थात् झूटो नबोल्नू भन्ने शिक्षा सिकाएर बालकलाई यी नियम पालन गर्छु भन्ने अवधारणा बसाएर आचार्यले पूर्णहुति हवन गर्नु पर्दछ । बालकका बाबुले चूडाकरणदेखि समावर्तनसम्मका कर्मपरिपूर्तिका लागि गोदान गरी उत्तराङ्गमा नवग्रहको पूजा दक्षिणा गरी विसर्जन गर्नु पर्दछ । त्यसपछि शक्ति अनुसार पाल्की आदिमा बसाई स्वस्तिवाचनपूर्वक शङ्खघण्टाहरू बजाउँदै पिठो आदिले स्वस्तिक अङ्कित गरिएको सफा बस्त्र आच्छयाइएको बाटोबाट गृहप्रवेश गराई द्वारमातृकाको पूजा गर्नु पर्दछ अनि मङ्गलसूचक दही आदि लिएका बहिनीहरूलाई दक्षिणा दिई तिनका हातबाट आँखामा गाजल लगाई कल्याणी आदि जीवमातृकाको पूजन गर्नु पर्दछ । परम्परा अनुसार बहिनीहरूले बालकको महानिराजन गरी टीका लगाइदिए पछि बन्धूबान्धवहरूसँग भोजन गरी रमाइलो गर्ने चलन छ। चारौं दिनका दिन आमाले सधवा युवतीहरूसँग शङ्खघण्ट बजाउँदै मातृकाका पिर्का र चूडाकरणका केशलाई जलाशयमा गएर सेलाई बाजागाजाका साथ घर फर्केर तामाको कराईमा पकाएरको मिष्ठान्न घरपरिवार र आफन्तसँग मिलेर खाई आनन्दसँग रहनु पर्ने शास्त्रको निर्देशन पाइन्छ ।

## उपसंहार

पाँच वर्षपछि बालकको अध्ययन प्रारम्भ हुन्छ । यस बेलामा बालकहरूलाई उचित शिक्षादीक्षा प्राप्त भएमा उनीहरूको भावी जीवन सुखमय हुन्छ । नीतिले पनि भनेको छ-

पाँचवर्षसम्म निजपुत्रलाई लाडप्यार गर्नु अति पुल्पुलाई ।
दशवर्ष तालिम अनेक गर्नु तहाँ पछि मित्र समान धर्नु ॥

समावर्तन आदि संस्कार पनि यसै अवधिमा हुने गर्दछन् । यिनै संस्कार पछि मानिसको कर्म पुरा हुने र वेद आदिको शिक्षा प्राप्त भई उसको सम्पूर्ण व्यवहारमा नै आमूल परिवर्तन भई पुनर्जीवन पाएझैं हुने भएकाले

उनीहरूलाई द्विज(दुईपटक जन्मेको) भनिन्छ । भौतिक रूपमा यहीँ समयमा गर्भे केश काटिने, गर्भे दाँत फालेर नयाँ दाँत आउँछन् भने मानसिक रूपमा पनि यहीँ समयमा १०, ११ वर्षको भइसक्दा

बौद्धिक क्षमता पूर्ण विकासित भएको हुन्छ । त्यसैले शास्त्रले पनि यहीँ समय उपनयन संस्कार गरी वेदारम्भ गर्ने र वेदादिको अध्ययन पूरा भए पछि केशान्त संस्कार गरेर समावर्तन संस्कार गर्ने र गुरुकुलमा प्राप्त ज्ञान र दीक्षाबाट अनुप्राणित भई गृहस्थाश्रम आदि अगाडिका कार्य बहन गर्ने भएकाले चूडाकरणदेखि उपनयनसम्मका संस्कारहरूको शास्त्रमा विशेष महत्त्व दिइएको छ ।

## सन्दर्भग्रन्थसूची

द्विवेदी, विन्ध्येश्वरीप्रसाद, मुहूर्तचिन्तामणिः, वाराणसी, चौखम्भा सुरभारती प्रकाशन, तृतीय संस्करण,ई.सं.१९९५ ।

दैवज्ञ, नारायण, मुहूर्तमार्तण्ड, वाराणसी, चौखम्भा संस्कृत संस्थान, तृतीय संस्करण, २०३५ ।

पन्त, नित्यानन्दपर्वतीय, संस्कादीपक, वाराणसी, चौखम्बा संस्कृत सीरीज आफिस, चतुर्थ संस्करण, २०२१ ।

पाण्डेय, फणीन्द्रप्रसाद, संस्कृत-नेपाली बृहत् शब्दकोश, दाङ, महेन्द्र संस्कृत विश्वविद्यालय, २०५७ ।

मरासिनी, दधिराम, कर्मकाण्डभास्कर, दाङ, महेन्द्र संस्कृत विश्वविद्यालय, २०५४ ।

महाराज, दलपति, नृसिंहप्रसादे संस्कारसारः, वाराणसी, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, २०४२ ।